काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २९९ ❐ सोमवार, २५ साउन, २०८३ ❐ Monday, 10 Aug 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णालीका ७० हजारभन्दा बढी बालबालिकालाई खुवाइयो 'स्वर्णबिन्दु प्राशन'

कर्णाली प्रदेशमा आर्थिक वर्ष २०८२/०८३ मा ७० हजार ५ सय ८ बालबालिकालाई 'स्वर्णबिन्दु प्राशन' खुवाइएको छ। बालबालिकाको स्वास्थ्य प्रवर्द्धन तथा रोगप्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालित कार्यक्रमअन्तर्गत सुर्खेतमा ६५ हजार ९२, दैलेखमा ५ हजार ४ सय १६ र जुम्लामा ३ हजार ९ सय ६६ बालबालिकाले सेवा लिएका छन्।

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २४ साउन

कर्णाली प्रदेशमा एक वर्षदेखी शिशुदेखि पाँच वर्षमुनिका ७० हजारभन्दा बढी बालबालिकालाई 'स्वर्णबिन्दु प्राशन' खुवाइएको छ। बालबालिकाको स्वास्थ्य प्रवर्द्धन तथा रोगप्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन गरिएको कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०८२/०८३ को असोजदेखि असारसम्म कर्णालीका तीन जिल्लाका ७० हजार ५ सय ८ बालबालिकाले सेवा लिएका हुन्। प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र सुर्खेतका अनुसार कार्यक्रमअन्तर्गत सबैभन्दा धेरै सुर्खेतमा बस्ने बालबालिका लाभान्वित भएका छन्। सुर्खेतमा मात्रै ६५ हजार ९२ बालबालिकालाई स्वर्णबिन्दु प्राशन खुवाइएको छ।

तीमध्ये ३७ हजार ४ सय २१ बालक र २७ हजार ६ सय ७१ बालिका छन्। त्यस्तै दैलेखमा ५ हजार ४ सय १६ बालबालिकाले स्वर्णबिन्दु प्राशन सेवा लिएका छन्। तीमध्ये ३ हजार २ सय १३ बालक र २ हजार २ सय ३ बालिका रहेका छन्। जुम्लामा ३ हजार ९ सय

बाँकी पृष्ठ २



दुर्गम क्षेत्रसम्म विस्तार गर्नुपर्नेमा जोड

स्वर्णबिन्दु प्राशन कार्यक्रमलाई कर्णालीका दुर्गम तथा स्वास्थ्य सेवाको पहुँच कम भएका क्षेत्रसम्म विस्तार गर्नुपर्नेमा आयुर्वेद क्षेत्रका स्वास्थ्यकर्मीहरूले जोड दिएका छन्। कार्यक्रमकी फोकल पर्सन कविराज निरीक्षक पुष्पा आचार्यले पर्याप्त बजेट, आवश्यक जनशक्ति र स्वास्थ्यकर्मीलाई तालिमको व्यवस्था गर्न सके प्रदेशका ७९ वटै स्थानीय तहमा कार्यक्रम विस्तार गर्न सकिने बताइन्। उनका अनुसार बालबालिकाको स्वास्थ्य प्रवर्द्धनसँगै पोषण तथा रोगप्रतिरोधात्मक क्षमताका क्षेत्रमा कार्यक्रमले सकारात्मक योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। ग्रामीण तथा दुर्गम क्षेत्रका बालबालिकालाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गर्न सके यसको प्रभाव अझ व्यापक हुने उनको भनाइ छ। आयुर्वेद चिकित्सकहरूका अनुसार स्वर्णबिन्दु प्राशन प्राचीन आयुर्वेदिक विधिमा आधारित उपचार तथा स्वास्थ्य प्रवर्द्धनको अभ्यास हो। स्वर्ण भस्म, मह, घ्यू तथा विभिन्न जडीबुटीजन्य सामग्रीको मिश्रणबाट तयार गरिने लेह बालबालिकालाई निश्चित मात्रामा खुवाउने गरिन्छ।

पुष्य नक्षत्रमा खुवाइन्छ

स्वर्णबिन्दु प्राशन प्रत्येक महिनामा पर्ने 'पुष्य नक्षत्र'को दिन खुवाउने व्यवस्था गरिएको छ। लक्षित उमेर समूहका बालबालिकालाई आयुर्वेद चिकित्सक तथा स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा आवश्यकताअनुसार निश्चित मात्रामा औषधि खुवाइन्छ। प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रका निर्देशक डा. लक्ष्मीनारायण तिवारीले बालबालिकाको सर्वाङ्गीण विकास र रोगप्रतिरोधात्मक क्षमता अभिवृद्धिका लागि कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाउन

बाँकी पृष्ठ २

७९ वटै पालिकामा पुऱ्याउने लक्ष्य

कर्णालीका अधिकांश ग्रामीण तथा दुर्गम क्षेत्रमा अझै पनि गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच चुनौतीपूर्ण रहेको अवस्थामा बालबालिकालाई लक्षित स्वर्णबिन्दु प्राशन कार्यक्रमलाई सबै स्थानीय तहसम्म पुऱ्याउने आवश्यकता देखिएको छ।

स्वास्थ्यहरुकर्मीका अनुसार बालबालिकाको स्वास्थ्य अवस्था सुधार गर्न औषधिजन्य कार्यक्रमसँगै पोषण, सरसफाइ, नियमित स्वास्थ्य परीक्षण र अभिभावकमा स्वास्थ्यसम्बन्धी सचेतना पनि उत्तिकै आवश्यक छ।

त्यसैले स्वर्णबिन्दु प्राशनलाई अन्य बाल स्वास्थ्य कार्यक्रमसँग समन्वय गर्दै अघि बढाउनुपर्नेमा उनीहरूको जोड छ।

हाल तीन जिल्लामा सीमित रहेको कार्यक्रमलाई आवश्यक बजेट, जनशक्ति र प्राविधिक तयारीसहित प्रदेशका सबै जिल्लामा विस्तार गर्न सके कर्णालीका थप बालबालिका लाभान्वित हुने अपेक्षा गरिएको छ।

प्रदेश रंगशालामा अत्याधुनिक पौडी पोखरी निर्माण सम्पन्न



❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २४ साउन

सुर्खेतस्थित कर्णाली प्रदेश रंगशाला परिसरमा निर्माण गरिएको अत्याधुनिक पौडी पोखरीको निर्माण कार्य सम्पन्न भएको छ। दशौँ राष्ट्रिय खेलकुदका लागि निर्माण गरिएको पौडी पोखरीको निर्माण कार्य पूरा भएको कर्णाली प्रदेश खेलुकद विकास परिषद्को सचिवालयले जनाएको छ। साथै रंगशाला परिसरमै पौडी पोखरी निर्माण भएपछि कर्णालीका पौडी खेलाडीलाई नियमित अभ्यासका लागि थप सहज हुने अपेक्षा गरिएको छ। प्रदेश राजधानी वीरेन्द्रनगरमा निर्माण भएको रंगशाला पछिल्लो समय विभिन्न खेलका पूर्वाधार विकासको केन्द्रका रूपमा अघि बढिरहेको छ। सोही परिसरमा पौडी पोखरी निर्माण सम्पन्न भएपछि कर्णालीमा पौडी खेलको प्रशिक्षण र प्रतियोगिता सञ्चालनका लागि समेत थप पूर्वाधार तयार भएको छ। पौडी खेलाडी उत्पादन र उनीहरूको क्षमता विकासका लागि आवश्यक पूर्वाधारको अभाव झेल्दै आएको कर्णालीमा नयाँ पौडी पोखरी निर्माण सम्पन्न हुनु महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ।

नयाँ पौडी पोखरी सञ्चालनमा आएपछि कर्णालीबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका पौडी खेलाडी उत्पादनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। पौडी पोखरी थपिएसँगै रंगशाला परिसर बहुउद्देश्यीय खेलकुद केन्द्रका रूपमा थप विकसित हुने देखिएको छ।

ग्यास उद्योग संघले भन्यो- ग्यास अभाव हुँदैन, अनावश्यक सिलिन्डर सञ्चय नगरौँ

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २४ साउन



नेपाल एपली ग्यास उद्योग संघले पछिल्लो समय ग्यासको आयात लगातार वृद्धि भइरहेकाले अनावश्यक सिलिन्डर सञ्चय (होल्ड) नगर्न उपभोक्तामा आग्रह गरेको छ। भारतबाट सहजै एलपी ग्यासको आयात हुनुका साथै उद्योगबाट सिलिण्डर 'रिफिलिङ' (भर्ने काम) गरी निरन्तर बजारीकरण भइरहेकाले आवश्यकताभन्दा बढी ग्यास खरिद नगर्न संघले सबैमा आग्रह गरेको हो।

'उपभोक्ताले अतिरिक्त ग्यास खरिद नगर्ने हो भने अहिले देखिएको ग्यास अभावको समस्या तत्कालै समाधान हुने देखिन्छ।

आगामी दिनमा पनि ग्यास आपूर्तिमा समस्या नहुने भएकाले ग्यासको अभाव देखिने सम्भावना छैन', संघका अध्यक्ष दिवानबहादुर चन्दले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।नेपाल आयल निगमको पहलमा भारतको विभिन्न शोधनशाला (रिफाइनरी)बाट सहज रूपमा हाल एलपी ग्यासको आयात करिब १५ प्रतिशतले वृद्धि भइरहेको छ।

पछिल्लो २२ दिनमा ३९ हजार ७७४ मेट्रिकटन ग्यास आयात भएको निगमले जनाएको छ। यस आधारमा चालु आवको साउनमा करिब ५५ हजार मेट्रिकटन ग्यास आयात हुने अनुमान गरिएको छ। गत आवको सोही अवधिमा ४४ हजार ३१८ मेट्रिकटन ग्यास आयात भएको थियो। उपभोक्तालाई बजारको मागअनुसार ग्यास उपलब्ध गराउन हरसम्भव प्रयास गरिरहेको जनाउँदै ग्यास उद्योग संघले घरायसी प्रयोगकर्ता उपभोक्तालाई प्राथमिकतामा राखी ग्यास बिक्रीवितरण गर्न पनि बिक्रेतासँग आग्रह गरेको छ।

बोलपत्रदाताको मञ्जुरीविना म्याद थप गरी धरौटी जफत गर्नु गैरकानुनी : सर्वोच्च अदालत

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २४ साउन

सर्वोच्च अदालतले सार्वजनिक खरिद प्रक्रियामा बोलपत्रदाताको मञ्जुरीविना म्याद थप गर्ने र सोही आधारमा धरौटी जफत गर्ने कार्यलाई 'स्वेच्छाचारी र गैरकानुनी' हुने ठहर गरेको छ। नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) र युनाइटेड ट्रेडर्स सिन्डिकेट प्रालिबिच झन्डै १४ वर्षदेखि जारी विवादको अन्तिम किनारा लगाउँदै सर्वोच्चले उक्त फैसला गरेको हो। तत्कालीन प्रधान न्यायाधीश प्रकाशमान सिंह राउत र न्यायाधीश नृपध्वज निरौलाको संयुक्त इजलासले टेलिकमलाई जफत गरिएको ४५ लाख रुपैयाँ धरौटी र थप १ लाख रुपैयाँ क्षतिपूर्ति गरी कुल ४६ लाख रुपैयाँ फिर्ता गर्न आदेश दिएको हो। गत २०८१ फागुन १३ गते भएको उक्त फैसलाको पूर्णपाठ हालै सार्वजनिक गरिएको छ।

नेपाल टेलिकमले सन् २०१० अक्टोबर २४ मा विभिन्न मोडलका गाडी खरिदका लागि बोलपत्र आह्वान गरेको थियो। जसमा युनाइटेड ट्रेडर्स सिन्डिकेट प्रालिले 'प्याकेज ए' र 'प्याकेज बी' अन्तर्गतका गाडी आपूर्ति गर्न बोलपत्र पेस गरेको थियो।

प्रतिनिधिसभामा चार नयाँ विधेयक प्रस्तुत गरिने

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २४ साउन

सङ्घीय संसद् प्रतिनिधि सभाको सोमबार (साउन २५ गते) बस्ने बैठकमा चार विधेयक प्रस्तुत हुने भएका छन्। दुई मन्त्रीसँग सांसदको प्रश्नोत्तर हुने कार्यक्रम पनि सङ्घीय संसद् सचिवालयले सम्भावित कार्यसूचीमा राखेको छ।

दिउँसो १ बजे बस्ने बैठकमा सुरुमा मन्त्रालयगत प्रश्नोत्तरको कार्यक्रम रहने संसद् सचिवालयका महासचिव पद्म प्रसाद पाण्डेयले सार्वजनिक गरेको सम्भावित कार्यसूचीमा उल्लेख छ। परराष्ट्र मन्त्रालय र युवा, श्रम तथा रोजगार मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नहरूको सम्बन्धित मन्त्रीले उत्तर दिने कार्यसूची तय गरिएको सूचनामा उल्लेख छ।

बैठकमा अर्थमन्त्री डा॰ स्वर्णिम वाग्लेले 'कर्मचारी सञ्चय कोष (दशौँ संशोधन) विधेयक, २०८३' लाई प्रस्तुत गर्न अनुमति माग्ने र सो विधेयक प्रस्तुत गर्ने कार्यसूची छ। कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले 'मेलमिलाप सम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८३' युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादवले 'बालश्रम (निषेध तथा नियमित गर्ने) विधेयक, २०८३ प्रस्तुत गर्ने कार्यसूची छ।

त्यस्तै प्रधानमन्त्री बालेन्द्र शाहको तर्फबाट कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले थप दुई वटा प्रस्तावहरू प्रस्तुत गर्ने कार्यसूची छ। जसमा 'संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको सर्त र सुविधासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्ताव समावेश छ।

त्यस्तै, प्रधानमन्त्रीको तर्फबाट मन्त्री गौतमले नै 'नेपाल विशेष सेवा ऐन, २०४२ को साबिकको व्यवस्था जगाउने सम्बन्धी विधेयक, २०८३' माथि छलफल र पारितका लागि प्रस्ताव गर्ने कार्यसूची रहेको छ।

सम्पादकीय

आश्वासनलाई अधिकारमा बदल्ने जिम्मेवारी नछोड

जग्गा भनेको केवल माटोको एउटा टुक्रा होइन, मानिसको पहिचान, सुरक्षा र भविष्यसँग जोडिएको अधिकार हो । वर्षौंदेखि भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासी परिवारहरु आफ्नै नाममा एक टुक्रा जग्गा र हातमा लालपुर्जा पर्ने आशामा राज्यको ढोका ढकढकाइरहेका छन् । तर दैलेखमा उनीहरूको यही लामो प्रतीक्षामाथि स्थानीय तहको ढिलासुस्तीले फेरि प्रश्नचिह्न खडा गरेको छ । नेपाल सरकारले भूमिसम्बन्धी समस्या समाधानका लागि जिल्ला भूमि समस्या समाधान समिति गठन गरेर निश्चित समयसीमासहित काम अघि बढाएको छ । २०८३ जेठ १९ गते गठित समितिलाई दुई सय दिनभित्र भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गरी लालपुर्जा वितरण गर्ने लक्ष्य दिइएको छ । यो आफैंमा स्वागतयोग्य पहल हो । तर सरकारको लक्ष्य जति महत्त्वाकांक्षी छ, कार्यान्वयनको गति भने त्यति नै निराशाजनक देखिएको छ ।

सरकारले दुई सय दिनको समयसीमा तोकेको छ । तर दुई महिनाभन्दा बढी समय बितिसक्दा पनि आधाभन्दा बढी वडाले सार्वजनिक सूचना जारी गर्न नसक्नुले स्थानीय तहको प्राथमिकता र कार्यक्षमतामाथि गम्भीर प्रश्न उठाएको छ । भूमिहीनका लागि दुई सय दिन केवल सरकारी क्यालेन्डरको समय होइन, दशकौंदेखि रोकिएको अधिकार प्राप्त गर्ने आशाको समय हो । भूमिहीनलाई लालपुर्जा वितरणमा ढिलाइ हुनुको मूल्य सम्बन्धित कार्यालयले होइन, गरिब र सीमान्तकृत नागरिकले चुकाइरहेका छन् । आफ्नै नाममा जग्गा नहुँदा उनीहरु बैंकिङ सेवा, आवास, ऋण, सरकारी सुविधा र सुरक्षित भविष्यका धेरै अवसरबाट वञ्चित भइरहेका छन् । त्यसैले एउटा सूचना जारी गर्न ढिलाइ हुनु पनि उनीहरूको जीवनमा थपिएको अर्को अनिश्चितता हो । सरकारले दुई सय दिनको समयसीमा तोकेको छ भने त्यसलाई कागजमा सीमित राखिनु हुँदैन ।

समयसीमा सकिएपछि 'काम गर्न सकिएन' भन्ने जवाफ भूमिहीन परिवारका लागि स्वीकार्य हुन सक्दैन । वर्षौंदेखि पर्खिरहेका नागरिकलाई फेरि अर्को समिति, अर्को सूचना र अर्को समयसीमा देखाएर टार्ने छुट अब कसैलाई छैन । लालपुर्जा वितरण कुनै राजनीतिक कृपा होइन, भूमिहीन नागरिकको अधिकार हो । त्यसैले दैलेखका स्थानीय तहले अब ढिलासुस्ती होइन, परिणाम देखाउनुपर्छ । जनप्रतिनिधिले भाषणभन्दा कामलाई प्राथमिकता दिनुपर्छ र कर्मचारीले फाइल थन्क्याउने होइन, समाधानको बाटो खोल्नुपर्छ । अझै समय बाँकी छ । इच्छाशक्ति हुने हो भने दुई सय दिनभित्रै उल्लेख्य काम गर्न सकिन्छ । तर त्यसका लागि वडा तहदेखि जिल्ला तहसम्मको संयन्त्र चलायमान हुनुपर्छ । दैलेखका तीन हजार ६ सय ९९ परिवारको लालपुर्जा सपना फेरि कागजमै सीमित नहोस् । राज्यले दिएको आश्वासनलाई अधिकारमा बदल्ने जिम्मेवारी अब स्थानीय तहको काँधमा छ ।

चिकित्सा शिक्षाको थलोमा अन्धविश्वास : एउटा भेट, केही प्रश्न



✍ लोग्शरी कुँवर

म अहिले पश्चिम नेपालमा छु । मेरो अन्धविश्वासविरुद्धको पुस्तक 'शल्यक्रिया' बोकेर एउटा फरक प्रसङ्गमा अस्पतालका प्रबन्ध निर्देशकको कार्यकक्ष पुगेकी थिएँ । त्यहाँ हाम्रो कुराकानी भइरहेकै बेला दुई जना युवा चिकित्सक पनि आउनुभयो । झट्ट हेर्दा एकजना मभन्दा कम उमेरका देखिनुहुन्थ्यो भने अर्का लगभग मेरो उमेरकै ।

कुराकानीका क्रममा मसँगै रहेकी मेरी साथीले किताबको बारेमा आफूले बुझेको कुरा प्रबन्ध निर्देशकलाई सुनाउदै प्रसङ्ग जोड्नुभयो- "आज पनि धेरै मानिस टाउको दुख्दा अस्पताल जानुभन्दा पहिले झारफुक गर्छन् । धामी झाक्रीले दिएको चामल खान्छन् । निधारमा खरानी लाएर हिँड्छन् । डाक्टर कहाँ जानुपर्छ भन्ने चेतना अझै धेरैमा पुगेको छैन ।"

यो वाक्यले मलाई नेपालको सार्वजनिक स्वास्थ्यको एउटा गम्भीर चुनौती सम्झायो । तर आश्चर्य त्यतिबेला लाग्यो, जब त्यही विषयमा उपस्थित चिकित्सक त्यसको प्रतिवाद गर्न थाल्नुभयो ।

कुराकानीकै क्रममा मेरो पुस्तक उपस्थित एक चिकित्सकको हातमा पुग्यो । उहाँले केही बेर पुस्तक पल्टाउनुभो । किताब टेबुलमा राख्दै भन्नुभयो, "कसैले बोक्सी हुन्छ भन्छ भने हुन्छ त ।"

त्यसपछि उहाँका अधिकांश तर्क मानिसलाई आफ्नो विश्वासमा छाड्नुपर्ने, झारफुक गराउन चाहनेलाई त्यसो गर्न दिनुपर्ने र त्यसलाई मनोवैज्ञानिक पक्षका रूपमा पनि बुझ्न सकिने विचारमा केन्द्रित थिए । म उहाँका तर्कहरू ध्यान दिएर सुनिरहेँ । म केही बोलिनँ ।

विचार सुन्नु र बहस गर्नु लोकतान्त्रिक अभ्यास हो । तर जब वैज्ञानिक प्रमाणमा आधारित चिकित्सा अभ्यास गर्ने चिकित्सकबाट अन्धविश्वासलाई सामान्यीकरण गर्ने शैलीमा तर्क आउँछ, तब प्रश्न उठ्नु स्वाभाविक हुन्छ ।

मेरो प्रश्न कुनै व्यक्तिविशेषमाथि होइन । मेरो प्रश्न त्यो सोचप्रति हो, जसले वैज्ञानिक चिकित्सा र अन्धविश्वासलाई एउटै धरातलमा उभ्याउने प्रयास गर्छ ।

उदाहरण एक

मेरो जिल्ला कैलालीको गौरीगंगा नगरपालिका–३ कुचैनीकी ५२ वर्षीया जालिनादेवी चौधरीको अस्ती भर्खरै बोक्सीको आरोपमा कुटपिटपछि मृत्यु भयो । सात जना छिमेकीले गत असार ३२ गते साँझ मुसलधारे वर्षाका बीच जालिनादेवीलाई सडकछेउबाट लछारपछार गर्दै घरको आँगनसम्म ल्याए । मरणासन्न हुनेगरी कुटपिट गरे ।

ज्यान जोगाउन आफ्नै घर पछाडिको शौचालयमा लुकेकी उनलाई त्यहाँबाट निकालेर पुनः कुटपिट गरियो । उनको मुख र नाकबाट फिज निस्किरहेको अवस्थामा प्रहरी घटनास्थल पुगेको थियो । तर तत्काल अस्पताल लगेर उपचार गरिएन । उनी ढलेकै ठाउँमा कम्बल ओढाएर भोलि अनुसन्धान गर्ने भन्दै प्रहरी त्यहाँबाट हिँड्यो । भोलिपल्ट बिहानै करिब ५ बजेको समयमा जालिनादेवीले प्राण त्यागिन् ।

यो त एउटा ताजा घटना मात्रै हो । नेपालमा बोक्सी आरोपका कारण महिलामाथि कुटपिट, सामाजिक बहिष्कार, यातना र हत्या भएका सयौं घटना प्रहरीमा दर्ज छन् । धेरै घटना गाउँघरमै लुकाइएका छन् । निर्धा र बेसहारा माथि हुने यी अमानवीय घटना निकै क्रूर खालले छन् । झारफुकका नाममा उपचार ढिलो हुँदा सामान्य रोग जटिल बनेका र बचाउन सकिने बिरामीले ज्यान गुमाएका उदाहरण पनि थोरै छैनन् । सर्पदंश, निमोनिया, एपेन्डिसाइटिस, मिर्गी, मानसिक स्वास्थ्य समस्या, प्रसूति जटिलता जस्ता अवस्थामा समयमै अस्पताल नपुग्दा भएका क्षति पनि कुनै कल्पना र बनिबनाउ होइन, यथार्थ हो ।

यस्तो अवस्थामा चिकित्सकको भूमिका के हुनुपर्छ त ?

चिकित्सकले बिरामीको व्यक्तिगत आस्था र सांस्कृतिक पृष्ठभूमिको सम्मान अवश्य गर्नुपर्छ । तर सम्मान गर्नु र वैज्ञानिक आधार नभएका विश्वासलाई वैधता दिनु एउटै कुरा होइन । आधुनिक चिकित्सा विज्ञान प्रमाण, अनुसन्धान, परीक्षण र पुनःपरीक्षणमा आधारित छ । कुनै दाबीलाई सत्य मान्नुअघि त्यसलाई वैज्ञानिक रूपमा प्रमाणित गर्नुपर्छ । यही प्रक्रियाले नै चिकित्सा विज्ञानलाई विश्वसनीय बनाएको हो ।

कतिपयले झारफुकपछि आफू निको भएको अनुभव सुनाउँछन् । चिकित्सा विज्ञानले यसलाई फरक ढंगले व्याख्या गर्छ । केही रोग समयसँगै आफैं निको हुन्छन् । केही अवस्थामा बिरामीको विश्वास र सकारात्मक अपेक्षाका कारण अस्थायी रूपमा लक्षण कम भएको अनुभूति हुन सक्छ, जसलाई प्लेसिबो प्रभाव (Placebo Effe) भनिन्छ ।

तर प्लेसिबो प्रभावले जीवाणु मार्दैन । यसले क्यान्सर जस्तो जटिल रोग निको पार्दैन, एपेन्डिक्स फुट्नबाट जोगाउँदैन वा सर्पको विष निष्क्रिय बनाउने क्षमता पनि राख्दैन । त्यसैले वैज्ञानिक चिकित्सा र अन्धविश्वासबीचको सीमारेखा स्पष्ट रहनुपर्छ ।

यदि एउटा मेडिकल कलेजभित्रबाटै सामान्य वा निम्न स्तरको चेतना भएका आम मान्छेको अघि "विश्वास गर्न दिनुपर्छ" भन्ने सन्देश प्रवाह हुन्छ भने त्यसको सामाजिक प्रभाव के होला ? अनपढ मानिसले आखिर "डाक्टरले पनि त झारफुकलाई स्वीकार गरेका रहेछन्, हामी किन नगर्ने ? अस्पताल गएर पैसा खर्च किन गर्ने ?" भन्ने निष्कर्ष निकाले भने त्यसको असर कस्तो होला ? विशेष गरी स्वास्थ्यसम्बन्धी वैज्ञानिक जानकारी कम भएका समुदायमा यस्तो सन्देशले प्रमाणमा आधारित उपचारप्रतिको विश्वास कमजोर पार्ने जोखिम त रहने नै भो बरु परिणामस्वरूप केही बिरामी समयमै अस्पताल नपुगी झारफुक वा अन्य अप्रमाणित उपचारमा निर्भर हुन सक्छन् ।

उपचारमा ढिलाइ हुँदा धेरै रोगहरू जटिल बन्न सक्छन्, जसले उपचार कठिन, महँगो र कतिपय अवस्थामा ज्यानै जाने जोखिमसमेत बढाउन सक्छ । त्यसैले स्वास्थ्य संस्थाले दिने सार्वजनिक सन्देश अत्यन्त स्पष्ट हुनुपर्छ । बिरामीको धार्मिक वा सांस्कृतिक विश्वासको सम्मान गर्न सकिन्छ, तर कुनै पनि उपचारसम्बन्धी निर्णय भने उपलब्ध वैज्ञानिक प्रमाण र आधुनिक चिकित्साशास्त्रका आधारमा हुनुपर्ने हैन र ?

यसको अर्थ धार्मिक स्वतन्त्रताको विरोध गर्नु होइन । व्यक्तिले आफ्नो व्यक्तिगत विश्वास राख्न पाउँछ । तर चिकित्सा संस्थाले सार्वजनिक रूपमा यस्तो सन्देश नदिने जिम्मेवारी पनि हुन्छ, जसलाई आम जनताले अप्रमाणित उपचारको संस्थागत समर्थनका रूपमा बुझ्न सक्ने सम्भावना होस् । किनभने चिकित्सा शिक्षण संस्था र चिकित्सकको अभिव्यक्तिलाई समाजले उच्च विश्वसनीयताका साथ लिने भएकाले त्यसको सामाजिक प्रभाव सामान्य व्यक्तिको अभिव्यक्तिभन्दा धेरै ठूलो हुन्छ ।

डेढ वर्षअघि कलेजो ड्यामेज हुँदा मेरो आफ्नै दाइलाई धनगढीको स्वस्तिक अस्पतालको आइसीयूमा भर्ना गरेका थियौं । दाइको कलेजो पलाउने सम्भावना निकै कम थियो । स्वास्थ्यलाखको कामना गर्दै भाउजूले कुनै एउटा जोतिषबाट चामल ल्याउनुभएको रहेछ । जोतिषका अनुसार दाइ बिरामी हुनुको कारण पितृ दोष या कुनै देवताको रिस थियो ।

त्यो चामल बिरामीको टाउकोमा घुमाएर कुनै दिशामा फाल्नु पर्ने थियो । आइसीयू कक्षको बाहिर हामी कुरुवासहित केही व्यक्तिको अगाडि भाउजूले त्यो प्रस्ताव राख्नुभयो । हामी सबै अवाक भयौं । मैले कुनै प्रतिक्रिया दिइनँ । किनकि यी र यस्ता कुरामा मेरो बुबाले नै हामीलाई विश्वास गर्न दिनुभएन । पछि त म आफै पनि अप्रमाणित कुराको विश्वासमा लागिनँ । त्यो बाटै हिँडिन ।

आइसीयूभित्रै गएर टाउकोमा चामलका दाना घुमाउने कुरा मैले त्यति राम्रो मानिरहेकी थिइनँ । एकछिनमै भित्रबाट उपचारमा तल्लीन डाक्टर सुनिल पाण्डे निस्किनुभयो । भाउजूको चाहाना मैले डाक्टरलाई सुनाइदिएँ । डाक्टर सुनिल यो कुरामा रत्तिभर सहमत हुनुभएन । बरु उल्टै मतर्फ फर्किएर भन्नुभयो, "दाइको उपचारमा मैले कुनै कसर बाँकी छोडेको छैन । यदी अस्पताल र डाक्टरप्रति भरोसा छैन भने निर्णय गर्नुस्, तर अस्पतालमा मेरो अगाडि यो कुरा गर्न पाइन्न ।"

यति भनेर उहाँ त्यहाँबाट निस्किनुभो । अनि मलाई पनि भन्ने बाटो खुल्यो । मैले भने, "भाउजू, दाइको कलेजो देउता वा पितृ रिसाएर खत्तम भाको त हैन । अत्यधिक रक्सी सेवनले बिग्रेको कलेजो यति लाख पैसा खर्च गर्दा त पलाउन सकेको छैन भने चामल घमाएर हुन्छ त ?" त्यसपछि रक्सी खानका लागि दाइले मच्चाउने बितण्डाका बारेमा कुरा गर्यौं । ओषधिले गर्ने काम कसैको दोषले काट्न नसक्ने कुरामा विश्वस्त हुनुभो भाउजू पनि ।

विमानस्थलको ढलले बाटो अबरुद्ध

❐ काँक्रेविहार संवाददाता

मुगु, २४ साउन

ताल्चा विमानस्थलबाट बग्ने वर्षाको पानीको उचित व्यवस्थापन नहुँदा मुगुको बुकाखोलामा पानीको बहाव बढेर आसपासका बस्ती तथा खेतीयोग्य जमिन जोखिममा परेका छन् ।

पानीको तीव्र बहावले सडक तथा बाटो कटान गर्नुका साथै छायानाथ रारा नगरपालिकाका ११ वटा बस्ती प्रभावित भएका छन् ।

छायानाथ रारा नगरपालिका चारका वडाध्यक्ष लक्ष्मी भामका अनुसार भामवडा, रावलवडा र सेजुवालवडाका तिन सय ९२ घरधुरी बाढी तथा कटानको प्रत्यक्ष जोखिममा छन् ।

ताल्चादेखि भट्टेचौरसम्मको एक सय हेक्टरभन्दा बढी खेतीयोग्य जमिन बाढीले कटान गरी बगाइसकेको छ ।

ताल्चा र कालपाल्त आसपासका करिब २० घरसमेत बाढीको बहावका कारण उच्च जोखिममा छन् ।

स्थानीय समाजसेवी नन्दबहादुर रोकायाका अनुसार ११ वटा बस्तीमा आवतजावत गर्ने मुख्य बाटो बुकाखोला क्षेत्र हुँदै जाने भएकाले वर्षायाममा स्थानीयले निकै सास्ती खेप्नुपर्छ ।

विशेषगरी ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति र विद्यार्थीलाई



ताल्चादेखि भट्टेचौरसम्मको एक सय हेक्टरभन्दा बढी खेतीयोग्य जमिन बाढीले कटान गरी बगाइसकेको छ । ताल्चा र कालपाल्त आसपासका करिब २० घरसमेत बाढीको बहावका कारण उच्च जोखिममा छन् ।

खोला पार गर्न कठिन हुने गरेको उनले बताए ।

स्थानीय प्रेमबहादुर भामका अनुसार ताल्चा विमानस्थलदेखि भट्टेचौरसम्म पानीको उचित निकास नहुँदा हरेक वर्ष खेतीयोग्य जमिन कटान हुँदै गएको छ ।

खेती गर्ने जमिन घट्दै गएपछि स्थानीय रोजगारीका लागि छिमेकी जिल्ला हुँदै भारतसम्म मजदुरी गर्न जानुपर्ने अवस्था आएको उनले बताए ।

गत बुधबार विमानस्थलबाट आएको बाढीले एक रोपनी खेतमा लगाइएको धानबालीसहित खेत नै बगाएको स्थानीय रामलाल कामीले बताए ।

उनका अनुसार निरन्तरको कटानले केही परिवारको खेतीयोग्य जमिन नै समाप्त भएको छ ।

यता नागरिक उड्डयन प्राधिकरण एरोड्रम इन्जिनियरिङ विभागका इन्जिनियर महेश नेपालीले विमानस्थल परिसरभित्र मात्र पानी निकासको व्यवस्था गरिएको बताए ।

विमानस्थल क्षेत्रबाहिरको पानी व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तह र प्रदेश सरकारको भएको उनको भनाइ छ ।

स्थानीयवासीले बाढी र कटान नियन्त्रणका लागि तत्काल पानीको उचित निकास, तटबन्ध तथा दीर्घकालीन व्यवस्थापनको काम अघि बढाउन माग गरेका छन् ।

समयमै समस्या समाधान नगरे थप खेतीयोग्य जमिन र बस्ती जोखिममा पर्ने उनीहरूको चेतावनी छ ।

कर्णालीका...

६६ बालबालिकालाई सेवा दिइएको छ । जुम्लामा सेवा लिनेमा २ हजार २ सय ८४ बालक र १ हजार ६ सय ८२ बालिका छन् । हाल कर्णालीका तीनवटा आयुर्वेद स्वास्थ्य संस्थामार्फत यो सेवा निःशुल्क उपलब्ध हुँदै आएको छ । संघीय सरकारको सहयोगमा प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र सुर्खेत र आयुर्वेद स्वास्थ्य केन्द्र जुम्लामा तथा प्रदेश सरकारको सहयोगमा आयुर्वेद स्वास्थ्य केन्द्र दैलेखमा कार्यक्रम सञ्चालन भइरहेको छ ।

पुष्य...

खोजिएको बताए । उनका अनुसार स्वर्णबिन्दु प्राशन कार्यक्रम परीक्षणका रूपमा २०७९ सालदेखि देशका केही जिल्लामा सुरु भएको थियो । पछिल्लो आर्थिक वर्षदेखि कर्णालीका तीन जिल्लामा पनि कार्यक्रम सञ्चालनमा ल्याइएको हो । 'प्राचीन आयुर्वेदिक चिकित्सा पद्धतिलाई आधुनिक स्वास्थ्य प्रणालीसँग जोड्दै स्वस्थ पुस्ता निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम अघि बढाइएको हो, उनले भने ।

उपचारपछि हुम्लाका ११ कुपोषित बालबालिका घर फर्किए



काँक्रेविहार संवाददाता
हुम्ला, २४ साउन

अति शीघ्र कुपोषणको समस्या देखिएपछि उपचारका लागि जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएका हुम्लाका ११ जना बालबालिका उपचारपछि घर फर्किएका छन् ।

प्रतिष्ठानको पोषण पुनःस्थापना केन्द्रमा करिब तीन महिना उपचार तथा आवश्यक स्याहार पाएपछि उनीहरूको स्वास्थ्य र पोषण अवस्थामा उल्लेख्य सुधार आएपछि घर फर्काइएको हो ।

अति कुपोषित अवस्थामा रहेका ११ जना शिशुसँगै १० जना आमालाई गत वैशाख १८ गते ताँजाकोट गाउँपालिकाको समन्वयमा जुम्ला पठाइएको थियो । उनीहरूलाई पोषण पुनःस्थापना केन्द्रमा छ महिनासम्म राखेर उपचार गर्ने योजना भए पनि अपेक्षाभन्दा छिटो स्वास्थ्यमा सुधार आएपछि तीन महिनामै घर फर्काइएको हो ।

ताँजाकोट गाउँपालिका एककी पविता कार्कीले आफ्नो शिशु लिएर जुम्ला पुगेको अनुभव सुनाउँदै उपचार र स्याहारपछि बालबालिकाको पोषण अवस्थामा निकै सुधार आएको बताइन् । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको पोषण पुनःस्थापना केन्द्र व्यवस्थित हुनुका साथै बालबालिकाको उपचार, पोषण र स्याहारमा विशेष ध्यान दिइएको प्रतिष्ठानले जनाएको छ ।

उपचारका क्रममा बालबालिकाका लागि आवश्यक पोषणयुक्त आहार, स्वास्थ्य परीक्षण तथा स्याहारको व्यवस्था निःशुल्क गरिएको थियो ।

प्रतिष्ठानका अनुसार जुम्ला पठाइएका सबै ११ जना बालबालिकाको स्वास्थ्य अवस्थामा राम्रो सुधार आएको छ । उनीहरूमध्ये ताँजाकोट गाउँपालिका दुईकी मौसमी चदराका जुम्ल्याहा शिशुसमेत रहेका छन् ।

उपचारका लागि पहिलो पटक हुम्लाबाट कुपोषित बालबालिकालाई जुम्ला पठाइएको गाउँपालिकाले जनाएको छ । ताँजाकोट गाउँपालिका एक देखि पाँच सम्मका विभिन्न बस्तीमा गत मंसिरमा गरिएको पोषण लेखाजोखाका क्रममा पाँच वर्षमुनिका बालबालिकामा अति शीघ्र कुपोषण पहिचान भएको थियो । त्यसपछि गाउँपालिकाको समन्वयमा स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयंसेविकामार्फत थप परीक्षण, उपचार र स्याहारका लागि उनीहरूलाई जुम्ला पठाइएको हो ।

गाउँपालिकाले यसअघि पनि बस्ती-बस्तीमा स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरी पाँच वर्षमुनिका बालबालिकाको पोषण अवस्था पहिचान गर्दै आएको जनाएको छ ।

कुपोषण पहिचान भएका बालबालिकालाई समयमै उपचार र पोषणयुक्त आहार उपलब्ध गराउन सके स्वास्थ्यमा उल्लेख्य सुधार ल्याउन सकिने स्वास्थ्यकर्मीहरूको भनाइ छ ।

टेलिफोनविहीन डोल्पाका दुई वडा



काँक्रेविहार संवाददाता
डोल्पा, २४ साउन

हिमाली जिल्ला डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकाका दुई वडा करिब एक महिनादेखि आधारभूत सञ्चार सेवाबाट वञ्चित भएका छन् ।

त्रिपुरासुन्दरी पाँच गैरा क्षेत्रमा रहेको नेपाल टेलिकमको टावर सञ्चालनमा नआएपछि वडा नम्बर पाँच र छ का करिब तीन सय घरधुरीका नागरिक प्रभावित भएका हुन् ।

गाउँमा मोबाइल नेटवर्क नआएपछि स्थानीय सामान्य फोन गर्नसमेत अग्ला डाँडाकाँडा र जंगलतर्फ जानुपर्ने बाध्यतामा छन् ।

त्रिपुरासुन्दरी पाँच खदाङकी स्थानीय मिना सार्कीले लामो समयदेखि टावर नचल्दा आफन्तसँग सम्पर्क गर्न र आवश्यक सूचना आदानप्रदान गर्न कठिन भएको बताइन् । उनका अनुसार करिब एक महिनादेखि सञ्चार सेवा अवरुद्ध भए पनि टावर कहिले सञ्चालनमा आउँछ भन्नेबारे स्थानीयलाई स्पष्ट जानकारी छैन ।

सञ्चार सेवा अवरुद्ध हुँदा त्रिपुरासुन्दरी पाँच अन्तर्गतका ल्हा, खदाङ र करवगाड तथा वडा नम्बर छ का फूलचिङ, श्रीविन्दे र पालङलगायतका बस्ती प्रभावित भएका छन् । यसबाट दैनिक कामकाजसँगै आपत्कालीन सूचना, प्रशासनिक सम्पर्क र पारिवारिक सञ्चारसमेत प्रभावित भएको स्थानीयको भनाइ छ ।

त्रिपुरासुन्दरी छ का प्रकाश सार्कीका अनुसार टावरमा फोरजी सेवा जडान गरेपछि नेटवर्क थप अस्थिर बनेको हो । पहिले घाम लागेको समयमा भए पनि नेटवर्क आउने गरेकोमा अहिले पूर्ण रूपमा बन्द भएको उनले बताए ।

टावर नचल्दा सुरक्षा निकायसमेत प्रभावित भएको छ । इलाका प्रहरी कार्यालय करवगाड-खदाडका प्रमुख पाण्डवकुमार सिंहले घटना जानकारी गराउन, जिल्लासँग समन्वय गर्न तथा गस्तीका क्रममा आकस्मिक सूचना आदानप्रदान गर्न समस्या भइरहेको बताए ।

नेपाल दूरसञ्चार प्राधिकरण डोल्पाका कार्यालय प्रमुख दया विक्रम केसीका अनुसार टावर मर्मतका लागि नेपाल टेलिकमको कर्णाली प्रदेश कार्यालयबाट प्राविधिक टोली आए पनि सडक अवरुद्ध हुँदा टावरसम्म पुग्न सकेन ।

उनका अनुसार टावरमा विद्युत्को पहुँच नहुँदा र पुरानो सोलार ब्याट्री बिग्रिएपछि समस्या देखिएको हो । केही समयका लागि फोरजी सेवा बन्द गरी टुजी सेवा सञ्चालन गरेर भए पनि फोन सेवा नियमित गर्ने तयारी भइरहेको उनले बताए । स्थानीयले तत्काल टावर मर्मत गरी टेलिफोन तथा इन्टरनेट सेवा नियमित गर्न सम्बन्धित निकायसँग माग गरेका छन् ।

टिमुर किसानलाई नयाँ औजार

काँक्रेविहार संवाददाता
सल्यान, २४ साउन

काँडायुक्त टिमुरको दाना संकलन गर्दा किसानले भोग्दै आएको कठिनाइ घटाउन सल्यानमा नयाँ कृषि औजारको नमुना तयार गरिएको छ ।

वनस्पति अनुसन्धान केन्द्र सल्यानले टिमुर टिप्न सहज, सुरक्षित र कम खर्चिलो बनाउने उद्देश्यले औजार विकास गरेको जनाएको छ ।

टिमुरको बोटमा तिखा काँडा हुने भएकाले हातले दाना टिप्दा किसानलाई चोटपटक लाग्ने जोखिम हुन्छ। लामो समय लाग्ने र धेरै श्रम आवश्यक पर्ने भएकाले टिमुर संकलनमा आम्दानीको ठूलो हिस्सा खर्च हुँदै आएको छ ।

हाँगा भाँचेर वा हातले टिप्दा फलमा क्षति पुग्नुका साथै अर्को वर्षको उत्पादनमा समेत असर पर्ने समस्या रहेको केन्द्रले जनाएको छ ।

वनस्पति अनुसन्धान केन्द्र सल्यानका प्रमुख वैज्ञानिक अधिकृत डा. मित्र पाठकका अनुसार टिमुर संकलनको लागत घटाउने उद्देश्यले नयाँ प्रविधि विकास गरिएको हो ।

राष्ट्रिय आविष्कार केन्द्र अन्तर्गतको कृषि औजार कारखाना वीरगञ्जसँगको सहकार्यमा किसानका लागि उपयोगी हुने उपकरणको नमुना तयार गरिएको





उनले बताए ।

आर्थिक वर्ष २०८२/८३ को कार्यक्रमअन्तर्गत हाल केही थान नमुना निर्माण गरिएको छ । किसान वा समूहबाट माग आए कम्पनीको लागत मूल्यमा उपकरण उपलब्ध गराउन आवश्यक समन्वय गरिने केन्द्रले जनाएको छ ।

डा. पाठकका अनुसार नयाँ औजार प्रयोग गर्दा श्रम कम लाग्ने र छोटो समयमा धेरै टिमुर संकलन गर्न सकिने अपेक्षा गरिएको छ । प्रविधि प्रभावकारी प्रमाणित भए ठूलो संख्यामा उपकरण उत्पादन गर्ने योजना रहेको उनले बताए ।

सल्यानमा टिमुरलाई प्रमुख व्यावसायिक जडीबुटीका रूपमा खेती गरिँदै आएको छ । केन्द्रले किसानका व्यावहारिक समस्या समाधान गर्न प्राविधिक सहयोग र प्रविधि विकासमा जोड दिएको जनाएको छ ।

नयाँ उपकरणले काँडाबाट जोगिँदै टिमुरका दाना वा साना झुप्पा सुरक्षित रूपमा छुट्याउन सहयोग गर्ने अपेक्षा गरिएको छ ।

सल्यानबाट वार्षिक करिब ५० करोड रुपैयाँ बराबरको टिमुर निकासी हुने गर्दछ । नेपालमा समुद्री सतहबाट करिब आठ सय देखि दुई हजार पाँच सय मिटर उचाइसम्म टिमुर खेती गरिन्छ ।

सल्यानबाहेक सुर्खेत, रुकुम, जाजरकोट, दैलेख, रोल्पा, गुल्मी, बागलुङ, पाल्पा, म्याग्दी, स्याङ्जा र पर्वतलगायत जिल्लामा पनि यसको व्यावसायिक खेती हुँदै आएको छ ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

बराहताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुनाथरी, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

अत्यन्त जरूरी अपिल

आदरणीय गाउँवासी दिदीबहिनी तथा दाजुभाइहरू,
वर्षादको समयमा खोला-नालामा बाढी आउने, पहाडी क्षेत्रमा पहिरो खस्ने जस्ता प्राकृतिक विपद्का साथै लामखुट्टेको वंशवृद्धि भई डेङ्गु लगायतका कीटजन्य तथा जलजन्य रोगहरू तीव्र रूपमा फैलने जोखिम बढेको छ । यस्तो प्रतिकूल मौसमको समयमा सम्भावित धनजनको क्षति न्यूनीकरण गर्न र गाउँवासीहरूको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्न बराहताल गाउँपालिका निम्नअनुसार सावधानी अपनाउन हार्दिक अनुरोध गर्दछ ।

बाढी तथा पहिरोबाट जोगिन अपनाउनुपर्ने सावधानीहरू

- बाढीको समयमा खोला, नदी, र अप्ट्यारा जोखिमपूर्ण स्थानहरूमा जाने, माछा मार्ने, काठ सङ्कलन गर्ने वा पौडी खेल्ने काम नगर्नुँ ।
- घरको नजिक वा माथिपट्टि पहिरो खस्न सक्ने, जमिन भासिन सक्ने वा भित्तो चर्किएको ठाउँ भए विशेष सावधानी अपनाऔँ । जोखिम बढेमा सुरक्षित स्थानमा सर्नुँ ।
- खोलानाला तर्दा वा भेल बाटो काट्दा पूर्ण सुरक्षाको ध्यान दिऔँ । भेल बढेको बेला जबर्जस्ती खोला तर्ने प्रयास नगर्नुँ ।
- जोखिमपूर्ण मौसममा घरबाहिर अनावश्यक हिँडडुल तथा लामो दूरीको यात्रा नगर्नुँ ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला र अपाङ्गता भएका व्यक्तिहरूलाई सुरक्षित स्थानमा राख्न र उहाँहरूको हेरचाहमा पहिलो प्राथमिकता दिऔँ ।

डेङ्गु रोगबाट बच्ने विशेष उपायहरू

- वर्खाको समयमा ठाउँ-ठाउँमा पानी जम्ने भएकाले डेङ्गु सार्ने 'एडिज एजिप्टी' जातको लामखुट्टेको जोखिम अत्यधिक हुन्छ । डेङ्गुबाट बच्न "खोज र नष्ट गर" अभियानमा सहभागी बनौँ ।
- पानी जम्न नदिऔँ । घर, आँगन, कौसी, पुराना टायर, गमला, बोतल, प्लास्टिकका भाँडा, ड्रम, कुलर र ट्याङ्कीमा लामो समयसम्म पानी जम्मा हुन नदिऔँ । हप्तामा कम्तीमा एक पटक यस्ता भाँडाहरू सफा गरी सुक्का राखौँ ।
- झुलको अनिवार्य प्रयोग : दिउँसो वा राति सुत्दा अनिवार्य रूपमा झुलको प्रयोग गरौँ । डेङ्गु सार्ने लामखुट्टेले विशेष गरी दिउँसोको समयमा टोक्ने भएकाले दिउँसो झनै सतर्क रहौँ ।
- शरीरका सबै भाग ढाकिने गरी लामो बाहुला भएको लुगा लगाऔँ ।
- लामखुट्टेको टोकाइबाट बच्न धुप वा 'मोस्किटो रिपेलेन्ट' (क्रीम) प्रयोग गरौँ ।

विशेष सूचना : माथि उल्लेखित लक्षणहरू देखिएमा तुरुन्त नजिकैको स्वास्थ्य संस्थामा गई परीक्षण गराऔँ । स्वास्थ्यकर्मीको सल्लाहबिना जथाभावी 'पेनाडोल' वा 'प्यारासिटामोल' बाहेक अन्य (जस्तै फ्लेक्सोन, ब्रुफिन आदि) औषधिहरू प्रयोग नगर्नुँ ।

सरसफाइ तथा अन्य स्वास्थ्य सावधानीहरू

- वर्खाको समयमा खानेपानीका मुहानहरू दूषित हुने सम्भावना बढी हुने भएकाले खानेपानी सधैँ राम्ररी उबालेर वा छानेर मात्र पिउने गर्नुँ ।
- बासी, सडेगलेको वा झिँगा भनभनाएको खाना नखाऔँ । सागपात र फलफूल राम्ररी पखालेर मात्र प्रयोग गरौँ ।
- खाना खानुअघि र शौचालयको प्रयोगपछि साबुनपानीले मिचीमिची हात धुने बानी बसालाऔँ ।

विद्युतीय तथा भौतिक सुरक्षा

- बाढी वा हावाहुरीका कारण बिजुलीका तार वा खम्बाहरू लड्न सक्ने भएकाले नाङ्गो तार वा विद्युतीय खम्बाको नजिक नजाऔँ ।
- घरको छत तथा ढलबाट पानी निकास हुने बाटो खुला र सफा राखौँ ।

पूर्वतयारी तथा आपतकालीन व्यवस्थापन

- आपतकालीन अवस्थाका लागि आवश्यक प्राथमिक उपचार सामग्री (औषधि, ब्यान्डेज), टर्चलाइट, रेडियो, ड्राई फुड (सुक्का खानेकुरा), पिउने पानी, महत्त्वपूर्ण कागजातहरू र थप लुगाकपडा एउटा सुरक्षित झोलामा तयार राखौँ ।
- सत्य सूचना मात्र आदान-प्रदान गरौँ । स्थानीय पत्रपत्रिका, रेडियो, टेलिभिजन वा आधिकारिक माध्यमबाट आउने मौसम र विपद् सम्बन्धी जानकारी नियमित रूपमा सुनौँ । अफवाहको पछि नलागौँ ।
- आफ्नो छरछिमेकमा कोही घाइते, बिरामी वा विपद्मा फसेका भए प्रहरी, स्थानीय प्रशासन वा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त खबर गरी सहयोग गरौँ ।

विपद् र रोगव्याधी बाजा बजाएर आउँदैन, सजग र पूर्वतयारी बनौँ, आफू पनि बचौँ र अरूलाई पनि बचाऔँ ।

सूर्यतारा सिमेन्ट उद्योग निर्माण तीव्र



हाल करिब दुई सय ५० जना मजदुर निर्माणस्थलमा कार्यरत छन् । उद्योग सञ्चालनका लागि आवश्यक भौतिक संरचना निर्माणलाई प्राथमिकतामा राखेर काम अघि बढाइएका छन् ।

काँक्रेविहार संवाददाता
सुर्खेत, २४ साउन

पश्चिम सुर्खेतको चौकुने गाउँपालिका नौ सुनाकाँडामा निर्माणाधीन सूर्यतारा सिमेन्ट उद्योगको पूर्वाधार निर्माणले गति लिएको छ ।

करिब १५ अर्ब रुपैयाँ लगानीमा स्थापना हुन लागेको उद्योगका लागि आवश्यक क्रसर प्लान्ट, कामदार आवास, माटो परीक्षण तथा अन्य संरचना निर्माणको काम अहिले तीव्र रूपमा अघि बढिरहेको छ ।

सरकारी र निजी गरी करिब पाँच सय रोपनी क्षेत्रफलमा उद्योगका संरचना निर्माण भइरहेका छन् । उद्योगका परियोजना प्रमुख सञ्जय मिश्राका अनुसार हाल करिब दुई सय ५० जना मजदुर निर्माणस्थलमा कार्यरत छन् । उद्योग सञ्चालनका लागि आवश्यक भौतिक संरचना निर्माणलाई प्राथमिकतामा राखेर काम अघि बढाइएको उनले जानकारी दिए । मिश्राका अनुसार निर्माणको यही गति कायम रहे अबको १७ देखि १८ महिनाभित्र उद्योग सञ्चालनमा ल्याउने लक्ष्य छ ।

"संरचना निर्माणको काम भइरहेको छ । कामको गति यही रूपमा अघि बढेमा १७/१८ महिनाभित्र उद्योग सञ्चालन गर्ने लक्ष्य छ," उनले भने । तर उद्योग निर्माणको कामले गति लिए पनि निर्माणस्थलसम्म पुग्ने सडक र पुलको अवस्था भने चुनौतीपूर्ण रहेको उद्योग व्यवस्थापनले जनाएको छ ।

चौकुने गाउँपालिकाको केन्द्र गुटुबजारबाट उद्योगस्थलतर्फ जाने सडकको गुटुखोलामा हालसम्म पुल निर्माण हुन सकेको छैन । त्यस्तै, कैलालीको चिसापानीतर्फ जोडिने सडकको अवस्था पनि कमजोर छ । सडक तथा पुलको समस्या हुँदा उद्योगका लागि आवश्यक निर्माण सामग्री ढुवानी गर्न कठिनाइ भइरहेको परियोजना प्रमुख मिश्राले बताए ।

उद्योग पूर्ण क्षमतामा सञ्चालनमा आएपछि आवश्यक पर्ने कच्चा पदार्थ तथा अन्य सामग्रीको नियमित ढुवानीका लागि सडक पूर्वाधार सुधार अपरिहार्य रहेको उनको भनाइ छ । उनले स्थानीय र प्रदेश सरकारलाई सडक स्तरोन्नति तथा गुटुखोलामा पुल निर्माणका लागि आवश्यक पहल गर्न आग्रह गरेका छन् ।

चौकुने गाउँपालिकाका अध्यक्ष खड्क विकले पालिकामा ठूलो उद्योग स्थापना हुनु गौरवको विषय भएको बताए । उनका अनुसार सूर्यतारा सिमेन्ट उद्योग सञ्चालनमा आएपछि स्थानीय अर्थतन्त्र चलायमान हुनुका साथै रोजगारी र व्यापारिक गतिविधि बढ्नेछ ।

उद्योग स्थलसम्म पुग्ने सडकको ट्र्याक पालिकाले आफ्नै स्रोतबाट खोलेको भए पनि ठूलो बजेट आवश्यक पर्ने सडक स्तरोन्नति र पुल निर्माणको काम पालिकाको क्षमताभन्दा बाहिर रहेको अध्यक्ष विकले बताए । यसका लागि प्रदेश सरकारसँग समन्वय र सहजीकरण भइरहेको उनले जानकारी दिए ।

उद्योग सञ्चालनमा आएपछि करिब एक हजार जनाले प्रत्यक्ष रोजगारी पाउने उद्योगले जनाएको छ । दैनिक ५० हजार बोरा सिमेन्ट उत्पादन गर्ने लक्ष्य राखिएको छ ।

उद्योगका लागि आवश्यक चुनढुङ्गा वराहताल गाउँपालिका सात लखरपाटाबाट उत्खनन गरिनेछ । लखरपाटामा रहेको चुनढुङ्गा खानीबाट करिब २४ किलोमिटर दूरीमा सुनाकाँडामा उद्योग स्थापना भइरहेको छ ।

उद्योग सञ्चालनमा आएपछि पश्चिम सुर्खेतको औद्योगिक विकाससँगै स्थानीयस्तरमा रोजगारी र आर्थिक गतिविधि बढ्ने अपेक्षा गरिएको छ ।

ट्राफिक व्यवस्थापनमा स्काउटका विद्यार्थी परिचालन

काँक्रेविहार संवाददाता
वीरेन्द्रनगर, २४ साउन

सुर्खेत उपत्यकामा सडक दुर्घटना न्यूनीकरण तथा सवारी आवागमनलाई व्यवस्थित बनाउन नेपाल स्काउटका विद्यार्थीलाई ट्राफिक व्यवस्थापनमा परिचालन गरिएको छ ।

वीरेन्द्रनगरका व्यस्त चोकमा ट्राफिक प्रहरीसँगै स्काउटका स्वयंसेवकले सडक सुरक्षा र ट्राफिक नियम पालनाका लागि सहजीकरण गर्न थालेका हुन् ।

हार्भेष्टमुन इङ्लिस मिडियम बोर्डिङ स्कुलमा अध्ययनरत स्काउटमा आबद्ध ३५ विद्यार्थी जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतको टोलीसँगै स्वयंसेवकका रूपमा खटिएका छन् ।

शनिबार वीरेन्द्रनगरका एरीचोक, वीरेन्द्रचोक र मंगलगढीचोकमा उनीहरूले ट्राफिक नियमसम्बन्धी सचेतना फैलाउनुका साथै सवारी साधनको चेकजाँच र ट्राफिक व्यवस्थापनमा प्रहरीलाई सहयोग गरेका थिए ।

राष्ट्रिय उपभोक्ता मञ्च सुर्खेतकी अध्यक्ष कुमारी भुसालले प्रहरीसँग स्काउटका विद्यार्थीको सहकार्यमा गरिएको कार्यक्रम प्रभावकारी र प्रशंसनीय भएको बताइन् ।

सडक सुरक्षा मजबुत बनाउन, चालक तथा पैदलयात्रीमा चेतना अभिवृद्धि गर्न र सवारी व्यवस्थापनलाई सहज बनाउन यस्ता कार्यक्रम उपयोगी हुने उनको भनाइ छ । उनका अनुसार चालक, पैदलयात्री र विद्यार्थीलाई लक्षित गरी सडक सुरक्षासम्बन्धी व्यावहारिक जानकारी दिन सके दुर्घटना न्यूनीकरणमा सहयोग पुग्छ ।

ट्राफिक नियमबारे जानकारी बढ्दा सडक प्रयोगकर्तामा अनुशासन र आपसी सम्मानको भावना विकास हुने उनले बताइन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतका प्रमुख रोहितकुमार शाहीले स्वयंसेवक परिचालन गर्नुअघि स्काउटका विद्यार्थीलाई सडक सुरक्षा, ट्राफिक संकेत तथा स्वयंको सुरक्षाका विषयमा प्रशिक्षण दिइएको जानकारी दिए ।



तालिमपछि ट्राफिक प्रहरी र स्काउट स्वयंसेवकको संयुक्त सहभागितामा कार्यक्रम सञ्चालन गरिएको उनले बताए । शाहीका अनुसार प्रहरीसँगै युवा स्वयंसेवक परिचालन हुँदा सर्वसाधारणले ट्राफिक नियम पालना गर्न थप रुचि देखाएको पाइएको छ ।

विद्यार्थी तथा युवामा सानैदेखि नागरिक कर्तव्य र सडक अनुशासनको भावना विकास गराउनु पनि कार्यक्रमको उद्देश्य रहेको उनले बताए ।

ट्राफिक प्रहरीले यसअघि पनि विभिन्न विद्यालय तथा संस्थाका विद्यार्थीलाई स्वयंसेवकका रूपमा परिचालन गर्दै आएको छ । यस्ता कार्यक्रममार्फत चालकलाई लेन अनुशासन, गति सीमा र आवश्यक कागजातबारे जानकारी दिनुका साथै पैदलयात्रीलाई सुरक्षित रूपमा सडक पार गर्न सहयोग गरिँदै आएको छ ।

विशेषगरी जेब्रा क्रसिङ प्रयोग गर्न पैदलयात्रीलाई प्रोत्साहित गर्ने, जथाभावी सडक पार गर्ने प्रवृत्ति रोक्ने, व्यस्त समयमा ट्राफिक प्रहरीलाई सहयोग गर्ने तथा यात्रुलाई चलिरहेको सवारीबाट चढ्न-ओर्लन निरुत्साहित गर्ने काममा स्काउटका स्वयंसेवकको भूमिका प्रभावकारी देखिएको ट्राफिक प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार विद्यालय तथा युवा स्वयंसेवकको सहभागिताले ट्राफिक व्यवस्थापनमा सहयोग पुग्नुका साथै समुदायमा सडक सुरक्षासम्बन्धी सकारात्मक सन्देश प्रवाह हुने अपेक्षा गरिएको छ ।

सरकार, न्यायालय र पार्टीको इतर समूहमाथि उठाए गगन थापाले प्रश्न

काँक्रेविहार संवाददाता
काठमाडौं, २४ साउन

नेपाली कांग्रेसका सभापति गगन थापाले सरकारको कार्यशैली, पार्टीको आन्तरिक जीवन र न्यायालयको पछिल्लो आदेशबारे आक्रामक अभिव्यक्ति दिएका छन् । पार्टी केन्द्रीय कार्यालय सानेपामा केन्द्रीय कार्यसमितिको बैठकको सुरुमा सभापति थापाले वर्तमान सरकारको कार्यशैली र पार्टीभित्रको आन्तरिक अवस्थाप्रति कडा आलोचना गर्दै आगामी १५ औं महाधिवेशन र न्यायिक प्रक्रियाबारे आफ्नो अडान सार्वजनिक गरेका हुन् । थापाले सरकार र राजनीतिक दलहरूले नागरिकको अपेक्षा पूरा गर्न नसकेको स्वीकार गरे । सभापति थापाले अहिलेको काम गर्ने तरिका ठिक नभएको भन्दै जेनजी आन्दोलन अगाडि तत्कालीन पार्टी सभापतिलाई भन्दा नसुनेकाले अहिलेको यो अवस्था आएको बताए । 'अहिले कामको न गति मिलेको छ, न मति । नागरिकहरूले हामीबाट ठुलो अपेक्षा राखेका थिए, तर ती पूरा हुन सकेनन् भनेर मैले गत भदौ ८ गते प्रतिनिधि सभाको बैठकमा भनेको थिएँ । त्यो भन्दा अगाडि पार्टीका तत्कालीन सभापति श्रद्धेय नेता शेरबहादुर देउवालाई भनेको थिए,' उनले स्मरण गर्दै भने, ' यो कुरा सुनिएन त्यसपछि जेनजी आन्दोलन हुँदा पार्टी र मुलुकले नै क्षति बेहोर्नुपरेको छ ।'

अहिलेको सरकारको पनि गति र मति नमिलेको थापाको भनाइ छ । उनले मुलुकमा शासकीय अराजकता बढेको भन्दै सरकारका मन्त्रीहरूको सम्पत्ति छानबिन प्रतिवेदन सार्वजनिक नभएकोमा प्रश्न उठाए ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)